म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २०८ आइतबार, २५ फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 9 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सिभिल इन्जिनियर आवश्यक**

हेटौंडास्थित नयाँ भवन निर्माणाधीन हुन गइरहेकाले एक वर्षको लागि फुल-टाइम सिभिल इन्जिनियरको आवश्यकता छ ।

- कम्तीमा ३ वर्षको अनुभव अनिवार्य ।
- पारिश्रमिक आपसी समझदारी अनुसार तय गरिनेछ ।

सम्पर्क:
०५७-५२०४२९, ९८५५०६९५६०
९८५१०३१०७२

## प्रदेश योजना आयोग र बकैयाका जनप्रतिनिधिबीच छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ मकवानपुरको बकैयाका जनप्रतिनिधिले स्थानीय तह र वडाको माग तथा आवश्यकता अनुसारको योजना बनाउन बागमती प्रदेश सरकारसँग माग गरेका छन् । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षले वडाको आवश्यकता र मागअनुसार बजेट विनियोजन गर्न प्रदेश सरकारसँग माग गरेका हुन् ।

शनिवार बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालसँग प्रदेशको योजना निर्माण, बजेट कार्यान्वयनको अवस्था तथा चुनौतीका विषयमा छलफल गर्दै बकैयाका जनप्रतिनिधिले प्रदेश सरकारले साना र अव्यवस्थित बजेट हाल्दा समस्या भएको बताएका हुन् । वडातहबाट गर्ने काममा प्रदेश सरकारले बजेट बिनियोजन गर्दा समस्या भएको बकैयाका जनप्रतिनिधिको गुनासो रहेको छ । बकैया गाउँपालिका अध्यक्ष धर्मराजा लामिछानेले नागरिक लक्षित योजना निर्माणमा अग्रसर हुनुपर्नेमा जोड दिए ।

पूर्वाधार निर्माणमा पालिकाको स्रोत अपुग भइरहेको तथा सडक पूर्वाधार नहुँदा खानेपानी, स्वास्थ्य, शिक्षा तथा विद्युतको सेवा पुऱ्याउन कठिन भएको अध्यक्ष लामिछानेले बताए । पशुपालनक्षेत्रमा पालिकाले ३ करोडको दूध बिक्री गरिएको र बकैयामा उत्पादन भएको तरकारी विदेश निर्यात गर्ने तयार भइरहेको अध्यक्ष लामिछानेले बताए । प्राङ्गारिक मल उत्पादनमा पालिकाको योजना रहेको अध्यक्ष लामिछानेले बताए । प्रदेश सरकारले नागरिकलाई गुणस्तरीय स्वास्थ्यसेवा उपलब्ध गराउन स्थानीय तहका अस्पतालको क्षमता वृद्धिसँगै औषधि, ल्याब निर्माण गर्नुपर्ने बताए । प्रदेश सरकारको बजेटमा निर्माण भएको ठेक्कामा अनुगम अभाव रहेको उनको भनाई छ ।



उनले सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी कम रहेको र विद्यालयको भौतिक संरचना न्यून हुँदा शिक्षाको गुणस्तर सुधारमा समस्या भएको बताए । विद्यालय नर्सको सेवा थप गर्नुपर्ने अध्यक्ष लामिछानेले माग गरे । 'गाउँपालिकाले कृषिक्षेत्रलाई प्राथमिकतासाथ अघि बढाएकाले शिक्षालाई व्यवहारिक र कृषिसँग जोडेर अघि बढ्ने तयारी गरिएको छ । विद्यालयका जग्गालाई सदुपयोग गरेर कृषिप्राविधिक विद्यालय सञ्चालन आवश्यक रहेको छ आवासीय विद्यालय मोडलमा अघि बढ्न प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहन्छ' उनले भने, 'दिवाखाजामा प्रदेशको लगानी अपरिहार्य रहन्छ । युवा स्वरोजगारका कार्यक्रम, अधुरा खेलसंरचनाको पूर्णता, विद्यालयमा खेलशिक्षकको व्यवस्था, बालमैत्री स्थानीय तहको दिगोपनको बजेट व्यवस्था आवश्यक रहेको छ ।'

गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले बकैयाको प्रमुख समस्याको रुपमा रहेको बकैया र सिमातखोला नियन्त्रण अपरिहार्य रहेको र यो कार्यक्रम प्रदेश सरकारको भूमिका रहनुपर्ने बताए । खोला नियन्त्रणमा प्रभावकारी काम गर्नसके सुकुम्वासी समस्या हलगर्न सहज हुनुको साथै आयआर्जनमा टेवा पुग्ने उनले बताए । बकैया-५ की अध्यक्ष लक्ष्मी जिम्वाले आवश्यकताको आधारमा बजेट विनियोजन गर्नुपर्ने माग गरिन् । उनले पूर्वाधारसँगै संस्कृति तथा सामाजिक क्षेत्रमा बजेट व्यवस्था गर्नुपर्ने बताइन् ।

बकैया-४ का कार्यवाहक अध्यक्ष विजय भ्लोनले गत असोजको विपद्का कारण सिमात खोलाको कटानले वस्ती जोखिममा परेको र प्रदेश सरकारको बजेटमा प्राथमिकताका साथ अघि बढाउनु पर्ने बताए । उनले बकैया र सिमात खोला नियन्त्रण आवश्यक रहेकाले बृहत् गुरुयोजना निर्माण गरी बजेटको व्यवस्था गर्नुपर्ने माग गरे । बकैया-११ का अध्यक्ष गोपालबहादुर न्यासुरले गाउँपालिका केन्द्र र दुई राजमार्ग जोड्ने सडकमा प्राथमिकताका साथ बजेट व्यवस्था गरिदिन आग्रह गरे । उनले वडा र स्थानीय तहको सिफारिसमा मात्र प्रदेश सरकारले योजना निर्माण तथा बजेट व्यवस्था गर्नुपर्ने बताए ।

प्रदेशबाट परेको बजेटमा काम गर्न निकै समस्या रहेको छ । ठेकेदारको लापरबाहीले काम सम्पन्न गर्न नसकेको अवस्था छ । डीपीआर भएका छोटो दूरीको सडकलाई निर्माण गर्न बजेट विनियोजन गर्न आवश्यक रहेको उनको भनाई छ । कृषिक्षेत्र तथा आर्थिकउपार्जनमा नागरिकलाई जोड्ने गरी सडक पूर्वाधारको पहुँच र व्यवस्थापनमा गाउँपालिकाको योजना निर्माणमा प्रदेश सरकारले सहयोग गर्नुपर्ने धारणा उनले ब्यक्त गरे । बकैया-२ का अध्यक्ष विश्वराज स्याङ्तानले सडक पूर्वाधार उपयुक्त नहुँदा पालिका केन्द्रसम्मको पहुँच कठिन भएको बताए । ट्र्याक खुलेका सडक स्तरोन्नति गर्न नसक्दा गाउँपालिका केन्द्र पुग्न मधेश प्रदेशको रौतहट, बारा हुँदै हेटौंडा भएर हिँड्नुपर्ने बाध्यता रहेको उनले बताए ।

'धनसार र ट्वाङ्ट्वाङ खोलामा ४ वटा कल्भर्ट निर्माण गर्नसके गाउँपालिका केन्द्र जोड्ने सडक १२ महिना सञ्चालन हुने अवस्था छ । सडक पूर्वाधार नहुँदा वडा कार्यालय आउन र पालिका पुग्न २०० किलोमिटर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ' उनले भने, 'सडक पूर्वाधार नहुँदा विद्यालय आउजाउ गर्न समस्या परेको छ । विद्यार्थीको सहजताको लागि आवासीय विद्यालयको मोडलमा विकास गर्नुपर्छ ।' वडा-२ मा रहेको युरेनियम खानीका कारण खानेपानी समस्या रहेको छ । युरेनियमका कारण वडाका नागरिक क्यान्सरको जोखिममा रहेको उनको भनाई छ ।

बकैया-९ अध्यक्ष टंकध्वज लोप्चनले सडक पूर्वाधार निर्माणमा रुख कटानको आदेश लिन कठिन हुँदा सडक पूर्वाधार निर्माणको ठेक्का लागे पनि काम सुरुगर्न नसकिएको बताए । प्रदेश सरकारले साना आयोजनामा बजेट दिने तथा आयोजनाको मूल्यांकन अनुसार बजेट विनियोजन नहुँदा काम गर्न समस्या भएको उनको भनाई छ । बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नेपालले स्थानीय तहले आफ्ना आवश्यकता पहिचान गरी बजेटका लागि पहल गर्नुपर्ने बताए ।

योजना र राजस्वलाई बजेटमा जोड्ने कार्यमा स्थानीय तहले जोड दिनुपर्ने उनको भनाई छ । उपाध्यक्ष नेपालका अनुसार स्थानीय तहले पूर्वाधार विकासमा मात्र केन्द्रित हुँदा विनाशको अवस्था बनिरहेको छ । प्रदेश सरकारले बजेट विनियोजन र योजना छनोटलाई व्यवस्थित गर्न आयोजना बैंक सञ्चालनको तयारी गरिरहेको उपाध्यक्ष नेपालले बताए । प्रदेश सरकारले निर्माण गरेको आयोजना बैंकमा डिपिआर र सम्भाव्यता अध्ययनविना योजना समावेश नहुने उनको भनाई छ । 'स्थानीय पालिका र प्रदेशको राजस्व दायरा वृद्धि गरेर सरकारको बजेटमा जोड्ने काम जरुरी छ' उनले भने, 'पूर्वाधारमा मात्र केन्द्रित हुँदा विपद्जन्य घटना बढेको छ । अव्यवस्थित विकासका कारण विनाश भइरहेको छ । रोजगार, कृषि, आर्थिक समृद्धिका योजना निर्माण गरेर अघि बढ्नुपर्छ ।'

## महिला पत्रकारको भूमिका, चूनौती र अवसरबारे अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ सञ्चारिका समूह नेपाल, मकवानपुरले १ सय १५ औं श्रमिक महिला दिवसका अवसरमा सामाजिक रुपान्तरणमा महिला पत्रकारको भूमिका, चूनौती र अवसरका विषयमा अन्तरक्रिया गरेको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा लामाले परम्परादेखि चलिआएको रीतिरिवाजका कारण महिलामाथि विभेद भइरहेको बताइन् । जसलाई सहजरुपमा लिएर अगाडि बढ्न उनले आग्रह गरिन् । विभिन्न चूनौतीलाई पारगर्दै महिला नेतृत्व तहमा पुगिरहेको नगरप्रमुख लामाको भनाई छ । 'परम्परागत सोचाई, आर्थिक, सामाजिकलगायत हरेक समस्याबीच पनि महिला नेतृत्वदायी भूमिकामा रहेको छ' उनले भनिन् । उनले घरमै खाना पकाउने, बच्चा हुर्काउने जस्ता कामलाई काम नभन्ने प्रवृत्ति बदलिनुपर्ने र छोराछोरीलाई सानैदेखि समान संस्कार दिनुपर्ने आवश्यकतामा जोड दिइन् ।

नगरप्रमुख लामाले सञ्चारिका समूह नेपाल मकवानपुरमा कोष खडागर्न हेटौंडा उपमहानगर पालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाइन् । कार्यक्रममा सञ्चारिका समूह बागमती प्रदेश अध्यक्ष सरिता दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशकी पूर्वउपाध्यक्ष सम्झना कार्की र मकवानपुर शाखा उपाध्यक्ष भावना रिजालले पत्रकारितामा महिलालाई अवसर र चूनौतीका साथै अनुभव सहितको धारणा राखेका थिए । सञ्चारिका समूहकी उपाध्यक्ष जमुना थिङले मकवानपुरमा महिलाद्वारा सञ्चालित सञ्चार माध्यम, महिला पत्रकारको अवस्थालगायत विषय समेटेर प्रस्तूतिकरण राखेकी थिइन् ।

पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईंले पत्रकारको कामको कदर गर्दै पत्रकार उपचार कोष र पेन्सन कोष स्थापना गर्नुपर्ने सुझाव दिए । उनले महिला पत्रकारका लागि विशेष कोष स्थापना गर्न नगरप्रमुखलाई आग्रह गरेका छन् । स्वतन्त्र पत्रकार संघका केन्द्रीय उपमहासचिव सुरेश श्रेष्ठले महिला इमानदार, सहनशील र निष्ठावान् हुने विशेषता उजागर गर्दै महिलामैत्री वातावरण सिर्जना गर्नुपर्ने बताए । उनले सीप, दक्षता, व्यावसायिकता र सुरक्षामा जोड दिँदै सञ्चारिका समूहले विश्वासनीयता र प्रभावकारिता बढाउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारीले नयाँ सोच लिएर अघि बढ्ने सबैका लागि पत्रकारितामा अवसर रहेको बताउँदै वास्तविक पत्रकारिताको मूल्यमान्यता बचाइराख्नुपर्नेमा जोड दिए । प्रेस सेन्टर मकवानपुरका अध्यक्ष एमपी शर्माले महिलाका लागि राज्यको साथ र सहयोग आवश्यक रहेको उल्लेख गरे । प्रेस चौतारी बागमती प्रदेश सदस्य सुनिता विष्टले महिला पनि पुरुषसरह समानरुपमा कार्यरत रहेको भन्दै महिलाको योगदानको कदर हुनुपर्नेमा जोड दिइन् ।

मकवानपुरका महिला सञ्चारकर्मीका लागि औषधि व्यवसायी संघ मकवानपुरले २ सय पिस सेनिटरी प्याड सहयोग गरेको थियो । औषधि व्यवसायी संघ मकवानपुर अध्यक्ष नारायणलाल श्रेष्ठले सञ्चारिका समूहकी अध्यक्ष निशा गुरुङलाई प्याड हस्तान्तरण गरेका हुन् । संघले निरन्तर मासिक ५० पिस प्याड उपलब्ध गराउने अध्यक्ष श्रेष्ठले प्रतिबद्धता जनाए । सञ्चारिका समूह मकवानपुरकी अध्यक्ष गुरुङको अध्यक्षतामा कार्यक्रम भएको हो ।

## तीन उद्योगको सम्झौता रद्द, सम्पत्ती लिलाम गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले लामो समयदेखि बन्द रहेका तीन उद्योगको सम्झौत रद्द गरी सम्पत्ति लिलामी प्रक्रिया अघि बढाएको छ । विगत चार वर्षदेखि बन्द रहेको नेपाल ब्रुअरी कम्पनी प्रालि, ग्रिन गोल्ड इन्टरनेसनल प्रालि र बानियाँ मल्टी प्रोडक्ट प्रालिमाथि औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको हो ।

विभिन्न कारणले बन्द रहेका ती उद्योगका सञ्चालकलाई सम्पर्कमा आउन पटकपटक पत्राचार गर्दै आएपनि सम्पर्कमा नआएपछि ब्यवस्थापन कार्यालयले पक्रिया सुरु गरेको बताइएको छ । लगानीकर्ता सम्पर्कमा आउन नचाहको वा नआएको जे भएपनि कारबाही अघि बढाइएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । 'हामीले उद्योग सञ्चालकलाई निरन्तर फोन र पत्रचार गरेर बोलायौं । तर, उहाँहरु आउनुभएन, त्यसैले सम्झौता रद्द गरी सम्पत्ति लिलामी प्रक्रिया अघि बढाएका हौं' औद्योगिक क्षेत्र व्यवस्थापक संगीता कुँवरले बताइन् ।

उद्योग लामो समय बन्द राखेर सम्पर्कमा नआउने उद्योगको सम्पत्ति लिलामीका लागि सूचना जारी भइसकेको बताइएको छ । 'छिट्टै प्रक्रिया पुऱ्याएर लिलामी गर्छौं' क्षेत्र व्यवस्थापक कुँवरले भनिन् । हेटौंडा औद्योगिक क्षेत्रमा थप दुई उद्योग सञ्चालनमा आएका छन् । योसँगै औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगको संख्या एक सय ४६ पुगेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

पछिल्लोपटक थ्रिस्टार ग्रुपले रंगीन तथा सादा कर्कट पाता उतपादन थालेको छ । बाबा मेनिफ्याक्चर प्रालिले टिनका स-साना बाकस उत्पादन गर्न सुरु गरेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी रमेशराज नेपालले जानकारी दिए । अमेरिकी सरकारको आर्थिक सहयोगमा २०२० मङ्सिर २० गते स्थापना भएको यो औद्योगिक क्षेत्रभित्र हाल एक सय ४६ उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गरिरहेका छन् ।

कूल तीन हजार दुई सय २८ रोपनी क्षेत्रफलमा फैलिएको सो औद्योगिक क्षेत्रभित्र हाल १० उद्योग निर्माणाधीन अवस्थामा छन् । कूल जग्गा क्षेत्रफलमध्ये हाल भाडामा दिएको दुई हजार एक सय ७८ रोपनी, खाली जमीन २६ दशमलव ५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकासलगायत संरचना निर्माण क्षेत्रफल पाँच सय ९७ रोपनी रहेको छ ।

औद्योगिक क्षेत्रभित्र कार्यालयबाट निर्मित औद्योगिक भवन १०, गोदाम ११ र अन्य भवन ३४ रहेका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले औद्योगिक क्षेत्रहाताभित्र रहेका उद्योग प्रतिष्ठानको आवश्यकता र मागका आधारमा औद्योगिक भवन, गोदाम, क्वाटर भवन र जग्गाको भाडा लिँदै आएको छ ।

## श्रमिक महिलासँग अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/१ सय १५ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा श्रमिक महिलासँग अन्तरक्रियाका साथै निशूल्क स्वास्थ्य परीक्षण आयोजना गरिएको छ ।

जिल्ला समन्वय समिति मकवानपुर, हेटौंडा उपमहानगर पालिका र जिल्लास्थित विभिन्न गैर सरकारी संघ संस्थाको संयुक्त आयोजनामा उपमहानगरपालिकाको सभाहलमा शनिबार कार्यक्रम गरिएको हो । नगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिसस प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा उपमहानगरकी महिला बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले लैङ्गिकतामा आधारित हिंसा तथा प्रेषणा प्रणालीको विषयमा कार्यपत्र प्रस्तूत गरेको थिइन् ।

कार्यक्रममा सचेतनामूक गीत, नाटकलगायत प्रस्तूति रहेका थिए । नारी दिवसकै अवसर पारेर उपमहानगर परिसरमा स्वास्थ्य शिविर आयोजना भएको थियो । शिविरमा २ सय जनाले स्वास्थ्य जाँच गराएका थिए । ल्याब परीक्षण सुविधा सहितको शिविरमा पाठेघरको मुखको क्यान्सर जाँच भिआइए परीक्षण गरिएको थियो । ५८ जनाले पाठेघरको मुखको क्यान्सर जाँच गराएका थिए ।

भिआईए प्रविधिमार्फत् स्क्रिनिङ गरिएकामध्ये ६ जनाको पोजेटिभ देखिएको हेटौंडा उपमहानगरपालिका स्वास्थ्य शाखाप्रमुख सूर्य तिवारीले बताए । शिविरमा आङखस्ने समस्याको पहिचान भएका २ जना महिलाको रिङ पेसरी राखिएको र एकजनाको शल्यक्रिया नै आवश्यक भएर थप उपचारका लागि हेटौंडा अस्पताल रिफर गरिएको छ । यस्तै, पिसाव मार्फत् गरिएको मृगौला परीक्षणका क्रममा ५ जनामा समस्या देखिएको स्वास्थ्य शाखाप्रमुख तिवारीले जानकारी दिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# समस्याग्रस्त हेटौंडा औद्योगिक क्षेत्र

पूरानो ईतिहास बोकेको हेटौंडा औद्योगिक क्षेत्रमा रहेका १५ भन्दा बढी उद्योग पनि ऐतिहासिक नै छन् । जीर्ण भएका त्यस्ता भवन जुन धराप थापेझैं छन् । अमेरिकी सरकारको सहयोगमा ६१ वर्षअघि निर्माण गरिएको औद्योगिक क्षेत्रको पर्खाल निर्माण हुन सकेको छैन । हेटौंडा औद्योगिक क्षेत्रमा कम्पाउण्ड वाल निर्माण हुन नसक्दा निजीक्षेत्रको अर्बौं रुपैयाँको लगानी शान्तिसुरक्षाको दृष्ट्रिले जोखिममा छ । औद्योगिक क्षेत्रको बीचबाट मकवानपुरको पूर्वीक्षेत्रमा जाने सडकमा वर्षौंदेखि निर्वाध सवारी सञ्चालनमा छ । औद्योगिक क्षेत्रको छेवैमा रहेको राजमार्गमा दैनिक हजारौं सवारीसाधन गुडिरहेका हुन्छन् । २५ मिटर सडक विस्तार अलमलको कारण हेटौंडामा रहेको औद्योगिक क्षेत्रमा निर्माण गरिने भनिएको कम्पाउण्ड वाल निर्माण अलमलमा परेको छ । औद्योगिक क्षेत्रमा रहेको उद्योगलाई सुरक्षा दिन औद्योगिक क्षेत्रको चारैतिर ६ किलोमिटर कम्पाउण्ड वाल लगाउनु जरुरी छ । उद्योगीले औद्योगिक क्षेत्रभित्रको सार्बजनिक बाटो बन्द गर्न माग गर्ने एजेण्डा भने बारम्बार आएको छ ।

हेटौंडा औद्योगिक क्षेत्रमा रहेका औद्योगिक प्रतिष्ठानमा सुरक्षाको सामान्य उपायहरु पनि अपनाईएको छैन । हेटौंडा औद्योगिक क्षेत्रको मध्यभागबाट निस्कने सडक कुनै राजमार्ग भन्दा कम व्यस्त छैन । विना रोकतोक सार्वजानिक सवारी निर्वाध आवत/जावत गर्ने कारणले असुरक्षा महशुस भएको छ । हेटौंडा औद्योगिक क्षेत्र एउटा खुल्ला गौचरणभन्दामाथी उठ्न नसकेको गुनासो लगानीकर्ताले गरिरहेका छन् । गर्मी मौसममा हावाहुरीसँगै आगलागी पनि हुन सक्छ । तर, यत्रो ठूलो औद्योगिक क्षेत्रमा एउटा पनि बारुणयन्त्र छैन । औद्योगिक क्षेत्रभित्र अत्याधुनिक बारुणयन्त्र हुनुपर्ने संघले जनाएको छ । चुरियामाईको जंगल र औद्योगिक क्षेत्रको सीमाना जोडिएको छ । आगलागीमात्र हेटौंडा औद्योगिक क्षेत्रको समस्या भने होइन । चुनौतीका चाङबाट गुज्रदै गरेको औद्योगिक क्षेत्रमा सुधार नगर्ने हो भने हेटौंडामा लगानी भित्राउने सपना भाषणमा मात्र सीमित बन्ने लगानीकर्ताको आरोप छ । क्षेत्रफलको हिसाबले हेटौंडा औद्योगिक क्षेत्र देशकै ठुलो औद्योगिक क्षेत्र हो । २०२० सालमा अमेरिकी सरकारको सहयोगमा स्थापना भएका यो औद्योगिक क्षेत्रमा १ सय ४३ उद्योग सञ्चालनमा रहेका छन् । ७ वटा उद्योग बन्द अवस्थामा रहेका छन् । बन्द उद्योगले २ सय ५५ रोपनी जग्गा ओगटेका छन् । कोभिड-१९ महामारी तथा आर्थिक मन्दीको कारण देशको अन्यक्षेत्र जस्तै हेटौंडा औद्योगिक क्षेत्रका उद्योगहरु शिथिल भएका छन् ।

कतिपय उद्योग भने सरकारी ऐन, नियम, कानुनको कारण समस्या झेल्न बाध्य भएका छन् । बन्द भएका उद्योगलाई पत्राचार गरेर उद्योग सञ्चालनको वातावरण बनाउने, उद्योगीको गुनासो सुन्नेलगायत कार्य भइरहेको औद्योगिक क्षेत्र ब्यवस्थापन कार्यालयले जनाएको छ । सरकार परिवर्तन भएपिच्छे औद्योगिक नीति परिवर्तन हुँदा पनि उद्योगलाई संकटको अवस्था देखापरेको छ । सरकारले दुरगामी महत्व राख्ने औद्योगिक नीति बनाउनुपर्ने उद्योगीको भनाई छ । देशकै मध्यभागमा रहेको हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ उद्योग आउनेक्रम बढेको छ । तर, औद्योगिक क्षेत्र ब्यवस्थापन कार्यालयले नयाँ आउने उद्योगलाई सहज रुपमा जग्गा भने उपलब्ध गराउन सकेका छैन । हेटौंडा औद्योगिक क्षेत्रका उद्योगले वार्षिकरुपमा कच्चापदार्थको आयातमा लाग्ने भन्सार महशुल, उत्पादित बस्तु बिक्रीमा लाग्ने भ्याट, अन्तशुल्कलगायत शीर्षकमा वार्षिक १३ अर्ब रुपैयाँ राजश्व तिर्दै आएका छन् । यो साना करदाताको सूचीमा रहेका औद्योगिक प्रतिष्ठानको बिवरण भएको बताइएको छ । ठूला करदाताको सूचीमा रहेका करदाताले तिरेको राजश्व यसमा समाबेश नभएको उद्योग संघले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २६ गते सोमबार १० मार्च २०२५ । एकादशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२१, सूर्यास्त ६:०९ । आमलकी एकादशी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आनन्दको महसुस हुनेछ | तुला | : प्रेममा विवाद आउनसक्नेछ |
| वृष | : मन चञ्चल हुनेछ | वृश्चिक | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| मिथुन | : मान-सम्मान बढ्नेछ | धनु | : हाँसखेलमा दिन जानेछ |
| कर्कट | : धन लाभ हुनेछ | मकर | : मनमा धेरै कुरा खेल्ने छन् |
| सिंह | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | कुम्भ | : रमाइलो यात्राको योग परेको छ |
| कन्या | : नबोली बस्दा राम्रो हुनेछ | मीन | : मन प्रसन्न रहनेछ |

# कर्मचारीको पद र हैसियतको हवाला



मेघ राज शंकर

सरकारी सेवामा काम गर्ने प्रायले भन्ने गर्छन्- सोझो र पहुँच नहुने कर्मचारीलाई टिक्न गाह्रो छ । विषेशगरी पदस्थापन र सरुवाका बेला कर्मचारीको यस्तो गुनासो र असन्तुष्टि धेरै सुनिन्छ । हुनत सार्वजनिक सेवा प्रवाहमा कुन कर्मचारी कुन पद वा दर्जाको हो, कति वर्षको अनुभव भएको हो वा कताबाट सरुवा भएर आयो भन्ने कुरा आम सेवाग्राहीका लागि उति चासोको विषय होइन ।जोसुकै भए पनि काम सरल र सहज तवरले सम्पन्न भयो भने त्यो नै असल र सक्षम कर्मचारी हो ।

कुनै सरकारी कार्यालयमा सेवा लिन जाँदा कुनै सेवाग्राहीले हैरानी व्यहोरेको रहेछ भने त्यस्तो सेवाग्राहीले कर्मचारीको सेवा-सुविधाको समाचार सुन्ने बित्तिकै विरोध गर्नु पनि स्वभाविक हो ।तर यससँगै जोडिएको विषय के पनि हो भने कर्मचारीको अनुभव, क्षमता, उत्प्रेरणा र प्रतिवद्धताले सेवाको गुणस्तर पक्कै फरक पर्छ । त्यसैले भन्ने गरिन्छ, ठिक ठाउँमा, ठिक समयमा, ठिक व्यक्ति हुनुपर्छ । धेरै कर्मचारीलाई पिरोलिरहने विषय भनेको पदस्थापन र सरुवा हुँदाको अवस्थामा हो । झट्ट हेर्दा लाग्छ, सरकारले जहाँ खटाए पनि जागिर खान्छु भनेर सेवा प्रवेश गरेपछि किन त्यस्तो रस्साकस्सी गर्नु । खटाएको ठाउँमा जानु कर्मचारीको कर्तव्य हो ।

अझ सार्वजनिक सेवामा आवद्ध नभएकाहरुले के पनि भन्ने गर्छन् भने, बाहिर कयौं युवाहरु काम नपाएर बेरोजगार छन्, उता कर्मचारीहरु रोजेको ठाउँमा जान पाइएन भनेर रोइलो गर्छन् । ठिक हो, कर्मचारीको पदस्थापन र सरुवा यदि स्वच्छ तवरले प्रणालीअनुसार हुन्थ्यो भने अपेक्षा पनि त्यही हुन्थ्यो । सबैलाई समान व्यवहार हुन्थ्यो भने सके प्रणाली जे छ त्यसैमा चलेर जागिर खाने नसके अन्य विकल्प खोज्नु पर्थ्यो । अहिले भइराखेको अभ्यासले त्यस्तो देखाउँदैन । कसैले सेवा जीवनमा सधैं चाहेको ठाउँमा काम गर्न पाएको छ, कसैले नचाहेको र अपायक पर्ने ठाउँमा वर्षौंसम्म खट्नु परेको छ । कसैले सेवाकालभरि सुगममा त्यसमा पनि सिंहदरबारमा नै जागिर खान्छ, उसले दुर्गम जानु परेको छैन । कसैले चाहेर पनि सिंहदरबारमा जागिर खान सक्दैन । कसैले कयौं वर्ष दुर्गममा काम गरेर सरुवा माग गर्दा पनि सरुवा हुँदैन, उल्टै सरुवा अधिकार हैन, सरकारले आवश्यक ठानेको ठाउँमा खटाउने हो, कानुन थाहा छैन ? भनेर उल्लिबिल्ली बनाउने गरिन्छ ।

यसले गर्दा कर्मचारी वृत्तमा अनेक गुनासो र असन्टुष्टि छछल्किने गर्छ । यही सन्दर्भलाई लिएर सेवाभित्र अनेक शंका, उपशंका, अड्कलबाजी र परिचर्चा हुने गरेका छन् । खासखुस चल्ने गर्छ, लौ फलाना ठाउँमा पदस्थापन वा सरुवा हुन त दशौं लाख बुझाउनुपर्छ रे । यस्तो गाइँगुइँले सर्वसाधारण कर्मचारीमा केही उत्सुकता, केही त्रास र केही निराशा पैदा गराउँछ । यस्तो महोलमा संलग्न नभएकालाई लाग्छ, कर्मचारीहरुसँगै यसरी लाखौं पैसा असुल्ने काम कसले गर्छ होला, अनि यति धेरै पैसा कर्मचारीले चाहिँ कहाँबाट ल्याएर देला । त्यत्रो पैसा बुझाएर के काम गर्छ, त्यो बुझाएको पैसा कसरी परिपूर्ति गर्छ ? जे होस्, हावा चलेर पात हल्लिए पनि वा पात हल्लिएर हावा चले पनि अधिकांश कर्मचारीले बारम्बार सुन्ने प्रसंगहरु हुन् यी ।

अझ केही अड्डाका रोचक किस्सा पनि सुनिने गरिन्छ, लौ फलाना अड्डामा त कर्मचारी रातदिन काम गर्न आतुर हुन्छन् रे, त्यो अड्डामा जान त तँछाडमछाड छ रे, भित्रभित्रै बोलकबोल नै हुन्छ रे । त्यस्ता अड्डामा त कर्मचारीले बिदा पनि नलिई काम गर्छन् रे, अरु त के किरिया बिदामा गएको कर्मचारी पनि काजकिरिया सकेकै दिन काममा हाजिर हुन्छ रे । गर्भवती महिला कर्मचारी पनि कुनै दिन बिदा लिँदैनन् रे, बरु प्रसूति व्यथा लागेपछि अफिसबाटै अस्पताल भर्ना हुन जान्छन् रे । काम गर्ने अड्डा र कर्मचारीको रुचिबारेका यस्ता किस्सा र कहानी सत्य नभएर कर्मचारीबारे अनर्गल प्रचारबाजी अर्थात् हँसिमजाक पनि हुन सक्लान् । तथापि, असन्तुष्ट कर्मचारीले फुर्सदको समयमा गफिने मसला भने पक्कै हो । सबै कर्मचारी एकै प्रकारका हुँदैनन् । एउटा कर्मचारीले लाखौं दिने र अर्कोले खाने भन्ने कुरा सबैमा सान्दर्भिक भने छैन ।

पदोन्नति निश्चित भएपछि एकजना साथीले भने- यो महिनाको तलब आएपछि नियुक्ति भएको भए राम्रो हुन्थ्यो । बैंङ्क ब्यालेन्स जिरो हुन आँटेको छ । लड्डु खुवाउन पनि ऋण नै गर्नुपर्ला जस्तो पो छ । महिनाको अन्तिम-अन्तिम हुन थालेपछि तलब नआउन्जेल घर खर्च केले धान्ने भन्ने पिर लाग्न थाल्छ । केही साथीहरु खटाएको ठाउँमा नगएर मन्त्रालयमा बिनातलब हाजिर गरेर बस्छन्, मेरो त त्यसरी बस्न सक्ने अवस्था छैन । परिवारमा कमाउने म एक्लै हो । एक महिना तलब आएन भने चुलो बल्दैन, केटाकेटी स्कुल जान सक्दैनन् । त्यसैले खटाएको ठाउँमा गइहाल्छु ।

अर्का एकजना साथीले भने- सरकारले पोशाकभत्ता दिए पनि तीन वर्ष भयो, पूरा पोशाक नसिलाएको । चैत महिनामा पोशाकभत्ता दश हजार आउँछ । त्यसैबेला बच्चाको ठिक्क अर्को कक्षामा भर्ना गर्ने बेला भएको हुन्छ, त्यही पैसा थपथाप गरेर बच्चाको भर्ना गरिन्छ । नयाँ पोशाक किन्नु त कता हो कता । झण्डै ५० हजारको हाराहारीमा तलब खाने अधिकृत कर्मचारीले यस्तो दरिद्रता देखाउँदा कर्मचारी इतरका धेरैलाई लाग्दो हो, मान्छेले काठमाडौंमा नाङ्लो पसल गरेर पनि जीविका चलाएको छ, त्यत्रो पैसाले पनि जीवन कठिन हुन्छ र ?

सीमित स्रोतले असीमित आवश्यकता पूरा गर्नुपर्नेलाई मात्र थाहा हुन्छ । कर्मचारी वृत्तमा यसरी दैनिक जीवन चलाउने केही कर्मचारी छन् । तलब स्केल र बजार मूल्य तुलना गर्ने हो भने जागिरले जीवन यसरी नै चलाउनुपर्ने बाध्यता छ । बाहिरबाट कर्मचारीलाई जति गाली गरे पनि आखिर कतिपय कर्मचारीको वास्तविक अवस्था यही हो । सरकारकै जागिर खाएर त्यसो त आलिसान जिन्दगी जिउने कर्मचारी पनि छन् । अधिकांश जनमानसले कर्मचारीलाई त्यसरी नै जिउनेको रुपमा बुझ्ने गर्छन् । तर उनीहरुले लड्डु र पोशाकको चिन्ता गर्नेस्तरका कर्मचारी पनि छन् भन्ने यथार्थ भुल्नु हुँदैन ।

आफ्ने तलबमा सीमित रहेर फारो गरेर जीवन चलाउने कर्मचारीप्रति समाजको धारणा र स्वीकार्यता कस्तो छ भन्ने पक्ष पनि महत्वपूर्ण छ । यो स्तरका कर्मचारीले समुदायमा पार्टी, बिहेभोज र सामाजिक समारोह लगायतका कार्यक्रममा ताँमझामका साथ जान सक्ने कुरै भएन । प्राय: सबै पार्टी तथा समारोहमा एउटै पहिरन र एकै प्रकारको रहनसहनमा हुनुपर्ने अवस्था हुन्छ । प्राय: त्यहाँ ब्रान्डेड लुगा, गर गहना र बिलासी लवाइ आदिको पनि ख्याल हुने हुँदा यस प्रकारका कर्मचारीको उपस्थिति निम्सरो देखिन्छ ।के के न पदमा पुग्यो भनेको गतिमति रहेछ भन्ने सोचाइ र व्यवहारको सिकार हुनुपर्ने अवस्था छ

हिजोआज त विदेशको कमाइसँग तुलना गर्ने र विदेशतिर खिचेका तस्वीरसँग एउटा कर्मचारीको जीवनशैलीसँग तुलना गरेर नेपालमा केही हुँदैन हेर फलाना कर्मचारीको अवस्था त्यस्तो छ भन्ने कुरा उठ्न सक्छ । छर छिमेकबाट पनि कर्मचारी भएर के गर्नु केही गर्न सक्ने रहेनछ भनेर कुरा काट्ने, उस्तै परे हेप्ने प्रवृत्तिबाट पनि प्रताडित बन्नुपर्ने हुनसक्छ । हाइपावर र हाइप्रोफाइलका व्यक्तिहरुसँग कुनै होटल तथा रेष्टुरेन्टमा खानपान गरेर बस्न पनि यस्ता कर्मचारीसँग क्षमता हुँदैन । अलिक मोटो बिल फलाना हाकिम साबले तिर्नुहुन्छ भन्दा झ्याप्पै तिर्न सक्ने अवस्था हुँदैन ।यससँगै, हाम्रो फलाना सम्मेलन हुँदैछ वा कार्यक्रम हुँदैछ हाकिम साहेबको तर्फबाट यति रकम है भनेर सहयोग माग्दा पनि लौ हुन्छ भन्न सक्ने ल्याकत पनि हुँदैन ।

कसैलाई पक्राउबाट बचाउनुपर्‍यो वा हिरासतबाट निकाल्नुपर्‍यो भन्दा यसखाले कर्मचारीको त्यस्तो पहुँच र नैतिकता नहुन सक्छ । त्यति भएपछि राजनीतिज्ञ र शक्तिशाली व्यक्तित्वले समेत उति खोजिरहने व्यक्तिमा पर्दैनन् यस्ता कर्मचारीहरु । हातमा घडी कस्तो छ, मोबाइल कुन ब्रान्डको छ, मोबाइलमा कहाँकहाँबाट कल आउँछ भन्ने कुराले पनि कर्मचारीको हैसियत तय गर्ने भएकोले समाजको अपेक्षा अनुसार बन्न नसक्नेहरु प्राय: निरीह बन्नुपर्ने अवस्था छ । यसकारण समाजको प्रतिष्ठा के हो भन्ने स्थापित भएको मानकमा पुग्न नसक्ने वा नचाहने कर्मचारीलाई बडो सकस हुने गर्छ ।

सरकारी सेवा पनि यही समाजको प्रतिबिम्वित स्वरुप भएकोले प्रशासन संयन्त्रभित्र कसले कसलाई कसरी रिझाउन सक्छ, प्रभाव पार्न सक्छ, कोसँग कुन नेता वा राजनीतिक शक्तिको पहुँच छ, प्रशासनको उच्च तहमा कसको कति पहुँच छ, कसको पहुँचमा कुनकुन कार्यालय वा मन्त्रालयमा काम गर्‍यो भन्ने कुराले कर्मचारीले प्राप्त गर्ने सेवा-सुविधा मात्र नभएर कर्मचारीको क्षमतालाई बुझ्ने विषयमा समेत प्रभाव पार्छ । यसरी प्रभाव पार्न नसक्नेहरु स्वार्थी समूहको नजरमा कमजोर बन्ने गरे तापनि काम गर्ने सवालमा भेट भएका सेवाग्राही तथा सरोकारवालाको लागि भने असल कर्मचारीको श्रेणीमा दर्ज भइरहन्छन् ।

एउटा कर्मचारीको सेवा जीवन यस्तो होस् कि आफूले गरेका काम सम्झेर आफैं लजाउन र पश्चाताप गर्न नपरोस् । विलासी जीवन र अनैतिक माध्यमबाट आर्जित शक्तिलाई नै प्रतिष्ठित जीवन मान्ने सामाजिक सोच रहिरहने हो भने इमान्दारहरु पनि इमान्दार भएकोमा पश्चाताप गर्ने अवस्था नआउला भन्न सकिन्न । त्यसैले, इमान्दारले गर्व गर्ने र दोहनकारीले पश्चाताप गर्ने अवस्था निर्माण हुन भ्रष्टाचारको विरोध गर्ने मात्र हैन, सदाचार र इमान्दारिताको कदर गर्ने सामाजिक सोच र व्यवहार जरुरी छ ।

*(साभार: अनलाइनखबर)*

# भ्रष्टाचार, स्वार्थको संघर्ष हुँदै देश 'ग्रे-लिस्ट'मा

श्यामप्रसाद मैनाली

पेरिसमा गत शुक्रबार सम्पन्न एफएटीएफको दोस्रो महासभाले नेपाललाई ग्रे-लिस्टमा राखेछ । भारतले नेपाललाई भिखारी देश भनेको छ । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपाललाई भ्रष्टहरूको देश भन्न भ्याएछन् । त्यति मात्र होइन, नेपालमा संघीय शासन प्रणाली सञ्चालन गर्न दिएको अनुदान रकम र जैविक विविधताको संरक्षणका लागि आउने सहायतासमेत बन्द गरिदिने कार्यकारी आदेश जारी गरेछन् । ट्रान्सपरेन्सी इन्टर नेसनलले नेपाललाई अति भ्रष्ट देशका रुपमा लामो समयदेखि दर्ज गरिराखेको छ । गतवर्षभन्दा हाल प्रकाशित प्रतिवेदनमा एक अंकले नेपाल अझै तल झरेको छ । देशको अवस्था हेर्दा यो भन्दा पनि नाजुक बन्दै जाने क्रममा देखिन्छ । यसका धेरै प्रकारका सूचकहरूले यही अवस्था प्रमाणित गरिराखेको छ ।

यो राष्ट्रको विकराल अवस्थाबाट देशलाई कसरी बचाउने ? भन्ने सन्दर्भमा शासन सत्तामा रहनेहरू गम्भीर भएको अनुभूति गर्न सकिएन । अन्तर्राष्ट्रिय परिस्थिति कमजोर र गरिब राष्ट्रहरूको पक्षमा देखिँदैन । संयुक्त राष्ट्र संघ औपचारिकता निर्वाह गर्ने संस्थाको रुपमा मात्र देखिएको छ । विभिन्न देशहरूमा शक्ति सम्पन्न राष्ट्रहरूले गरिराखेको आक्रमण, युद्ध र शीतयुद्धबाट त्यस्ता कमजोर देशहरूको सार्वभौसत्ताकै संरक्षण गर्न विश्व संस्था असफल हुँदै आएको छ । यस संस्थाको उपादेयतामा नै सन्देह गरिँदै छ । पछिल्लो उदाहरण युक्रेन बन्दै छ । जुन देशमा रुसले आक्रमण गरेपश्चात् उसको संरक्षण गर्न सार्वभौमसत्ताको संरक्षण गर्न प्रतिबद्ध देखिएका संयुक्त राज्य अमेरिका, नेटोका सदस्य राष्ट्रहरु, युरोपियन युनियन र पश्चिमा राष्ट्रहरुमध्ये यसको नेतृत्वदायी भूमिका खेलेको राष्ट्र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प नै युक्रेनको पक्षमा देखिएनन् ।

संयुक्त राज्य अमेरिकाको समर्थनको अभावमा युक्रेनको सार्वभौम सत्ताको संरक्षण हुन नसक्ने प्राय: निश्चित छ । यस अवस्थामा ट्रम्पले अमेरिकाको स्वार्थका लागि युक्रेनमा रहेका खनिजहरूमा एक पक्षीय पकड कायम गर्न खोजेका छन् । रुसले युक्रेनको भूभाग नै सबै रुसमै मिलाउने गरी आक्रमणलाई निरन्तरता दिइराखेको छ । यस अवस्थामा हामी भारत र चीनजस्ता एसियाका प्रभावशाली देशहरूको बफर स्टेटका रुपमा रहेको र यस देशको रणनीतिक महत्व ठूला देशहरूले देखिराखेका छन् । यस अर्थमा पनि नेपालका शासन सत्तामा रहनेहरूले अत्यन्त बुद्धिमत्तापूर्वक शासन सञ्चालन नगर्दा असहज अवस्था सिर्जना हुन सक्छ । राष्ट्रपति ट्रम्पले एसियाको कमजोर एक राष्ट्र नेपालका बारेमा यसरी नकारात्मक टीकाटिप्पणी गर्नुले पनि हामीले संयुक्त राज्य अमेरिकासँगको सम्बन्धलाई प्रगाढ बनाउन धेरै मेहनत गर्नुपर्ने स्पष्ट छ । यस अवस्थामा सम्पत्ति शुद्धीकरण र आतंकवादका विषयमा गम्भीर भएर अध्ययन गर्ने संस्था एफएटीएफले दोस्रोपटक नेपाललाई ग्रे-लिस्टमा राखेको छ । नेपाल र लाओस यी दुई देशहरूका क्रियाकलापहरुमाथि कडा निगरानी गर्ने गरी निर्णय लिएको अवस्था छ । त्यसैले यस आलेखलाई यसैमा केन्द्रित गराएर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

आधुनिक विश्व आतंकवादबाट अत्यन्त त्रसित छ । ठूला-ठूला शक्ति सम्पन्न राष्ट्रहरू पनि यस्ता अपराधीहरूबाट आतंकित बनेको स्थिति छ । यो आतंकवादको जडको रुपमा कालो धनलाई शुद्धीकरण गर्ने अर्को अपराधले ठूलो आधार प्रदान गरेको छ । त्यसैले सबै लोकतान्त्रिक देशहरुले भ्रष्टाचार नियन्त्रण गर्ने कालो धनलाई शुद्धीकरण गर्न नदिनेतर्फ विशेष सतर्कता अपनाइराखेका छन् । यसका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा पटक-पटक समझदारी बनेको छ । समझदारी अनुरुप नेपालले पनि सम्पत्ति शुद्धीकरण नियन्त्रण विभाग गठन गरी काम गरिराखेको छ । तर यस विभागको कार्यसम्पादन स्तर सन्तोषजनक देखिएको छैन ।

भ्रष्टाचार निवारण गर्ने संस्थाहरु पनि ठूला-ठूला भ्रष्टाचारका मामिलाहरूमा निस्प्रभावी देखिएका छन् । यसले गर्दा देशमा कालो धन आर्जन गर्ने अस्वस्थ प्रतिस्पर्धा चलिराखेको छ र विभिन्न स्थानहरूबाट नेपाल प्रवेश गरी यो अपराध कर्म गर्ने अपराधीहरूको जमघट थलोको रुपमा समेत नेपाल रहेको सूचना प्राप्त भइराखेको स्थिति छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराधलाई कडाइका साथ नियन्त्रण नगर्दा धेरै प्रकारका अपराधहरु घट्न पुग्छन् । यसले कुनै देश मात्र नभई विश्व नै प्रभावित हुन पुग्छ । किनकि अपराधीहरूको सञ्जाल अत्यन्त ज्यादा विस्तारित भएको हुन्छ । दोस्रोपटक देशलाई ग्रे-लिस्ट अथवा नकारात्मक सूचीमा राख्नुपर्ने अवस्था किन सिर्जना भएको होला ? यसबारेमा विश्लेषण गर्नुपर्ने अवस्था छ । देश हरेक दृष्टिकोणबाट बर्बादीतर्फ अघि बढिराखेको छ । संघीय शासन प्रणालीले देशले थेग्न नसक्ने गरी खर्च वृद्धि गरेको छ ।

विदेशी सहयोगमा संघीय शासन प्रणाली सञ्चालन गर्नुपर्ने परिस्थिति आइपरेको जानकारी संयुक्त राज्य अमेरिकाका राष्ट्रपति ट्रम्पले दिएका छन् । यस प्रकारको आफ्नो अवस्था देशका नागरिकहरूलाई जानकारी गराउने प्रयाससम्म पनि नेपालका शासकहरूले गर्न चाहेनन् । भूमाफियाहरूको प्रभाव शासकहरूमा आवश्यकताभन्दा बढ्ता देखिँदै गयो । यिनै भूमाफियालाई सरकारमा रहनेहरूले आफ्नो साझेदारको रुपमा व्यवहार गर्दै गए । घरजग्गा कारोबार कुनै पनि आर्थिक सिद्धान्तले सम्बोधन गर्नै नसक्ने प्रकारले अघि बढ्यो ।

रकमको प्रवाह जग्गा खरिदमा र जग्गा प्लटिङमा अत्यन्त ज्यादा हुँदै गयो । अल्प अवधिमा नै यस व्यवसायबाट ठूलो फाइदा लिन भूमाफियाहरू र यिनका साझेदारहरू सफल हुँदै गए । यस कारणले पनि नेपालको अर्थव्यवस्था कमजोर बन्दै जाने परिस्थिति बन्यो । यसलाई नियन्त्रण गर्न सरकारले थोरै पनि प्रयास गरेको देखिएन । देशभर छरिएका असंख्य सहकारी संस्थाहरूले सहकारीको सिद्धान्त विपरीत बैंकिङ कारोबार गर्दै गए । सरकार मुकदर्शक बन्यो । सहकारीमा जम्मा भएको रकम राजनीतिक दलका कार्यकर्ताहरूले निर्बाधरुपमा व्यक्तिगत प्रयोजनमा लगानी गर्दै गए । उक्त रकमको अपचलनले सीमा नाघ्यो । यसमा सरकार लाचार छाया मात्र बन्यो । किनकि यी ठगहरू अरु कोही थिएनन् । प्राय: सबै राजनीतिज्ञहरु नै थिए । सहकारीलाई ठूलो समस्यामा पारेर यस संस्थाप्रति सर्वसाधारण जनताको गलत सोच राख्ने परिस्थिति बन्दै गयो ।

सहकारी संस्थाहरू प्राय: समाप्त गरिसकेका छन् । अब यी धमिराहरू बिस्तारै फाइनान्स कम्पनीतर्फ अघि बढिराखेका छन् । देशका वित्तीय संस्थाहरूलाई धराशायी बनाइसकेपश्चात् यिनीहरूको अर्को ठगीधन्दा बैंकतर्फ केन्द्रित हुने अनुमान गर्न सकिन्छ । सरकारले यी सबै कुराहरूलाई बोध गरेको छ । तर मौन बसेर समर्थन गरिराखेको अनुभूति हुन्छ । अपराधीहरूले आर्जन गरेको कालो धनलाई शुद्धीकरण गरी वैध बनाउन नेपाल अत्यन्त सहज स्थल बनेको छ । त्यसैले देशी-विदेशी कालो धन आर्जन गरेकाहरु नेपालमा सम्पत्ति शुद्धीकरण गर्न आकर्षित भइराखेका छन् । यसले गर्दा सबै प्रकारका अपराधीहरूका लागि अनुकूल देशका रुपमा नेपालले आफ्नो पहिचान बनाउँदै गएको छ । आतंकवादले प्रश्रय पाउने अवस्था छ, पाइराखेको पनि छ । भ्रष्टाचार व्याप्त छ । स्वार्थ गाँसिएका निकायमा नेतृत्व लिन चाहने र दिने कामले निरन्तरता पाइराखेको छ । यो भ्रष्टाचारको स्रोत हो भन्ने सामान्य हेक्कासमेत शासकहरूले राखेका छैनन् । भ्रष्टाचार व्याप्त भएको छ । यसले निरन्तरता पाइराखेको छ । भविष्यमा निरन्तरता पाइनै रहनेछ । किनकि भ्रष्टाचारमा उच्च पदस्थ राजनीतिज्ञहरू प्राय: सबै संलग्न भएका छन् । भ्रष्टाचारका मामिलामा ठूला दलहरूका बीच सर्वदलीय सहमति बनेको छ । ठूला भ्रष्टाचारीहरु सबैले अभ्यदान पाएका छन् । जो भ्रष्टाचारी छन् उनीहरुलाई सार्वजनिक जिम्मेवारी प्रदान गर्न सरकारमा रहनेहरु निश्चिन्त भएर लागेका छन् । न्यायपालिकामा पनि राजनीतीकरण अत्यधिक भएको छ ।

यसले गर्दा राजनीतिज्ञहरूले अपराध कर्म गर्दा अदालतबाट सहजै छुट पाउने स्थिति बनेको सूचना विभिन्न माध्यमबाट पटक-पटक प्रसारित भइरहेका छन् । भ्रष्टाचारलगायतका अपराधहरूमा संलग्न भएको प्रमाणित भई अदालतबाट दण्डित भएकाहरू पनि समाजमा ससम्मान हिँडेका छन् । उनीहरूको सम्पत्ति जफत गर्ने अदालतको निर्णय आइसक्दा पनि सरकारले सो सम्पत्ति जफत गर्ने प्रयाससम्म पनि गरेको छैन । देशका नदीनालालगायतका प्राकृतिक सम्पदाहरु आफ्ना स्वार्थलोलुप झुन्डहरूलाई कृपा गरी सुम्पिदिने कार्य भइराखेको छ । यस्ता अधिकारको दुरुपयोग कर्ताहरूलाई प्रश्न उठाउने निकायहरू मौन बस्नुमा नै आफ्नो कल्याण सोचेका छन् । देशको बारेमा चिन्ता गर्ने सार्वजनिक पदाधिकारीहरु भेट्न पाउन अत्यन्त कठिन भएको छ । कानुनी कमी-कमजोरीहरु पनि पर्याप्त भएकाले यसैका आधारमा अदालतबाट निर्णय आउने, कानुनी छिद्रकै आधारलाई लिएर अपराधकर्महरू गर्दै जाने प्रवृत्तिको प्रवर्द्धन भइराखेको छ ।

यस अवस्थामा देशमा प्रत्यक्ष वैदेशिक लगानी आउने सम्भावना घट्दै जाने निश्चित छ । सार्वजनिक उच्च पदाधिकारीहरूको सम्पत्तिमाथि निगरानी राख्ने काम सरकारले औपचारिकता पूरा गर्ने प्रकारले मात्र गरेको छ । सम्पत्ति शुद्धीकरण नियन्त्रण विभाग कर्मकाण्डी मात्र बनेको छ । यस स्थितिमा देश नकारात्मक सूचीमा परेको छ । यसभन्दा पहिले पनि यसै गरी देश नकारात्मक सूचीमा परेकोमा कानुनी प्रावधानहरूलाई सच्याएर सुशासन कायम गर्ने अपराध नियन्त्रण गर्ने प्रतिबद्धताको कार्यक्रमसहित नेपालले प्रस्तुत गरेपछि केही अवधि नेपाललाई दिई नकारात्मक सूचीबाट बाहिरिएको थियो । तर बीचको अवधिमा नेपालले कुनै सुधार गर्न सकेन । अवस्था अत्यन्त दयनीय बन्दै गयो । यस अवस्थामा महासभाले राखेको नकारात्मक सूचीबाट कसरी बाहिरिने ? यो ठूलो चुनौती बनेको छ । नेपाल र लाओसलाई एफएटीएफले कडा निगरानीमा राख्नेसमेत निर्णय लिएको छ । यो देशका लागि अत्यन्त ठूलो दुर्भाग्य हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# गढीमा काँग्रेसको क्रियाशील भेला तथा वनभोज




साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ नेपाली काँग्रेस मकवानपुरगढी गाउँपालिका कार्यसमितिले शनिबार अगुवा तथा क्रियाशील सदस्य भेला तथा बनभोज कार्यक्रम आयोजना गरेको छ ।

गाउँपालिका सभापति राजवीर मुक्तानको सभाध्यक्षता तथा नेपाली काँग्रेस बागमती प्रदेश सभापति एवम् प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । भेलामा नेकपा एमालेमा श्रमिक संगठनका नेता शंकरप्रसाद न्यौपाने, नेकपा माओवादी केन्द्रलगायत अन्य दलबाट नेपाली काँग्रेसमा प्रवेश गरेका छन् । कार्यक्रममा सभापति बानियाँले काँग्रेस नेतृत्वको पालामा निर्माण भएका र गरेका विकास कार्यक्रमलाई जनस्तरमा पुर्‍याउनु पर्नेमा जोड दिए । निर्वाचित जनप्रतिनिधिले पार्टी नेतृत्वले गरेका छलफल र घोषणापत्रमा उल्लेख भए बमोजिमका कामलाई कार्यान्वयनमा ल्याउनुपर्ने उनको भनाई छ ।

कार्यक्रममा जिल्ला सभापति बुद्ध लामा, पूर्वसभापति र घुरमण न्यौपाने, जिल्ला सचिव ईश्वर पाठक, महासमिति सदस्य सूर्यबहादुर रुम्बा, क्षेत्र १ का संघीय सभापति दामोदर खनाल, क्षेत्र २ का सभापति लोकबहादुर मुक्तान, क्षेत्र १ का सचिव एवम् मकवानपुरगढी गाउँपाकिलाका सचिव दोर्जे लामास्याङ्तान, क्षेत्र १ (क) सभापति सुशान्तकुमार श्रेष्ठ, क्षेत्र २ (क) सभापति खड्ग गोपाली, नेपाल किसान महासंघका केन्द्रीय सदस्य यतीराज सापकोटा, दलित संघका नेतृ पवित्रा विश्वकर्मा, मकवानपुर काठमाडौं सर्म्पक समिति अध्यक्ष तेजप्रसाद घिमिरे, गाउँपालिका सभापतिमध्यबाट वडा २ का सभापति रामप्रसाद पुडासैनी, गाउँपालिका तरुण दल अध्यक्ष सानोकान्छा थिङ लगायतले भनाई राखेका थिए ।

महासमिति सदस्य सुवाससिं थिङ, प्रभात दाहाल, जिल्ला सहसचिव ईन्दिरा न्यौपाने, प्रदेश समिति सदस्य जानकी लामा, क्षेत्र १ का संघीयसचिव कविन सांगामी, २ का सचिव बलराम घिमिरे, जिल्लासदस्य राजकुमार गोले, राजु खतिवडा, जिल्ला तरुण दल अध्यक्ष खीलाराज सापकोटालगायत पार्टीका विभिन्न तहका नेता तथा गाउँपालिका निर्वाचित वडाअध्यक्ष, जनप्रतिनिधि र वडासभापतिको आतिथ्यता रहेको थियो ।

# राक्सिराङ गाउँपालिकामा नि:शुल्क स्वास्थ्य शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले नारी दिवसको अवसरमा शनिबार नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

सत्यसाई केन्द्रको सहयोगमा गाउँपालिकाले शिविर सञ्चालन गरेको हो । राक्सिराङ गाउँपालिका-३ सरिखेतमा सञ्चालित नि:शुल्क स्वास्थ्य शिविरमा ६ सय ५८ जनाको स्वास्थ्यपरीक्षण गरिएको थियो । सरिखेतस्थित सूर्योदय माविको प्रांगणमा सञ्चालित शिविरमा मुटुरोग, स्त्रीरोग, छाला र दन्तरोगमा विशेषज्ञ चिकित्सक थिए । शिविरमा भिडियो एक्सरे पनि गरिएको थियो ।

अधिकांश महिला सहभागी रहेको शिविरमा केही जटिलरोगका बिरामी फेलापरेका थिए । त्यस्ता बिरामीको तत्कालै उपचार गर्नुपर्ने भएकाले पालिकाले सत्यसाई केन्द्रलाई उपचारका लागि सहयोग गर्न आग्रह गरेको वडाध्यक्ष उत्तम वाईबाले बताए । शिविरमा नि:शुल्क औषधि उपलब्ध गराइएको थियो । ३ घन्टासम्म हिँडेर स्वास्थ्य परीक्षण गराउन आएका शिविरमा ३ वर्षदेखि ८३ वर्षसम्म उमेरकाले स्वास्थ्यपरीक्षण गराएका थिए ।

# रानी सामुदायिक वनद्वारा वन ब्यवस्थापन सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहद्वारा सञ्चालित वन ब्यवस्थापनकार्य सकिएको छ ।

समूहको चालू आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रमअनुसार वन ब्यवस्थापनकार्य गरिएको हो । माघ २७ गतेदेखि सुरु भएको वन ब्यवस्थापन फागुन २४ गते सकिएको हो । यो कार्य अन्तरगत २५ हेक्टर क्षेत्रफलमा वन ब्यवस्थापन गरी ४ सय घरधुरीलाई दाउरा वितरण गरिएको समूहका उपाध्यक्ष केशव धितालले बताए ।

वनको उत्पादकत्व बढाउन, उपभोक्ताको दाउराको माग पूरा गर्न र वनको सौन्दर्यता बढाउन वन ब्यवस्थापन गर्ने गरिएको सवडिभिजन वन कार्यालय, हेटौंडाकी वनअधिकृत सविना रिजालले बताइन् । यो कार्यमा डिभिजन वन कार्यालय मकवानपुरले आर्थिक सहयोग गर्नुका साथै सवडिभिजन वन कार्यालय, हेटौंडाले प्राविधिक सहयोग गरेको छ ।

समूहले आफ्नै उपभोक्तालाई तालिम प्रदान गरी उपभोक्ताबाटै वन ब्यवस्थापन गरेको समूहले जनाएको छ । समूहले प्रत्येक वर्ष वन ब्यवस्थापन गर्दै आएको छ ।

# विभिन्न ७ विधामा मातृभूमि सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ मातृभूमि साहित्य समाज मकवानपुरले एउटै मञ्चमा ९ जना स्रष्टालाई सम्मानित गरेको छ । शनिबार औपचारिक कार्यक्रम गरी विभिन्न ७ वटा विधाका ९ जनालाई सम्मान गरेको हो ।

मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष कृष्णप्रसाद दाहालको अध्यक्षता एवम् बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । २० हजार रुपैयाँ राशीको नित्यगोविन्द स्मृति मातृभूमि संगीत पुरस्कार-२०८० बाट काठमाडौंका गीतकार सुभाषचन्द्र ढुंगेल सम्मानित भएका छन् । १५ हजार रुपैयाँ राशीको श्याम श्रेष्ठ स्मृति मातृभूमि पुरस्कार-२०८० भारतका डा.विष्णु भण्डारीलाई प्रदान गरिएको छ ।

शेखर शर्मारिजाल स्मृति मातृभूमि शैक्षिक पुरस्कार २०८० बाट सामुदायिक विद्यालयतर्फ एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउन सफल असल पाख्रिन, बेबी खातुन, परीक्षा खतिवडा सम्मानित भएका छन् । पाख्रिन १५ हजार रुपैयाँ र खातुन र खतिवडा ७ हजार ५ सय रुपैयाँ राशीसहित सम्मानित भएका हुन् । १५ हजार रुपैयाँ राशीको ईश्वरी स्मृति मातृभूमि सम्मान २०८० काठमाडौंका साहित्यकार नरेन्द्रराज पौडेललाई प्रदान गरिएको छ ।

हातेमालो-मातृभूमि युवा सृजनशील सम्मान-२०८० बाट मकवानपुरका साहित्यकार दीपक गौतम सम्मानित भएका छन् । यो पुरस्कारको राशी १० हजार रुपैयाँ रहेको छ ।

मकवानपुरकी गृष्मा गहतराज मंगलादेवी स्मृति मातृभूमि बाल पुरस्कार २०८० बाट ७ हजार ५०० रुपैयाँ राशीसहित सम्मानित भएकी छन् । त्यस्तै १० हजार रुपैयाँ राशीको शारदा उप्रेती स्मृति मातृभूमि सम्मान २०८० बाट मकवानपुरका कलाकार ज्ञानभक्त लामा सम्मानित भएका छन् । सोही अवसरमा २६ औं वार्षिक साधारण सभासँगै लेखनविधामा सृजनात्मक सौन्दर्य परिचर्चा कार्यक्रम आयोजना गरिएको थियो ।

# टी-२० विश्वकप केन्द्रित क्यानको वार्षिक क्यालेन्डर



काठमाडौं, २४ फागुन/ नेपाल क्रिकेट संघ (क्यान) ले सन् २०२५ को वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ । क्यालेन्डरमा नेपालको पुरूष तथा महिला सिनियर तथा उमेर समूहको टिमले खेल्ने खेलहरूसँगै घरेलु क्रिकेटका तालिकाहरू समावेश छन् । क्यालेन्डर अनुसार नेपालको पुरूष र महिला सिनियर क्रिकेट टोलीले यसै वर्ष टी-२० विश्वकप छनोट खेल्दैछ भने पुरुष क्रिकेट टोलीले आईसीसी विश्वकप लिग २ का महत्वपूर्ण शृंखला खेल्दै छ ।

तिनै प्रतियोगिताहरूलाई लक्षित गरी विभिन्न तयारी कार्यक्रम र सिरिजहरू समेटेर क्यालेन्डर तयार गरिएको छ । त्यसैगरी घरेलु प्रतियोगिताहरूसँगै उमेर समूहको टिम निर्माणका लागि पनि ग्रासरुटदेखि नै तयारी गर्ने हेतुले विद्यालयस्तरीय प्रतियोगिताहरू समावेश छ । नेपाल क्रिकेट संघका सचिव पारस खड्काले यस वर्ष पुरूष र महिला दुवै टोलीका लागि टी-२० विश्वकपमा छनोट हुनु मुख्य लक्ष्य भएको उल्लेख गरेका छन् । 'हामी अब लिग २ का शृंखलाहरूबाट अंक हासिल गर्ने र विश्वकपमा छनोट हुनु मुख्य लक्ष्य हो' उनले भने । यिनै प्रतियोगिताको तयारीका लागि सहयोग पुग्ने गरी सिनियर टोलीका लागि वर्षभरजस्तै शृंखलाहरू तय भएका छन् । त्यस्तै घरेलु क्रिकेटमा पनि केही नयाँ प्रतियोगिताहरू समावेश भएका छन् ।

### टी-२० विश्वकपका लागि तयारी

नेपालको पुरुष र महिला क्रिकेट टोलीले यसैवर्ष केही महत्वपूर्ण प्रतियोगिताहरू खेल्दैछ । दुवै टोलीले सन् २०२६ मा हुने टी-२० विश्वकपको छनोट खेल्दै छन् । त्यसैलाई लक्षित गरी क्यानले तयारी स्वरूप विभिन्न शृंखलाहरू समावेश गरेको छ । पुरूष टोलीले आउँदो अप्रिल महिनामा हङकङ गएर चार देशीय टी-२०आई शृंखला खेल्ने छ जहाँ हङकङ, नेपाल, कतार र नामिबिया सहभागी हुनेछन् । जुनमा स्कटल्याण्डसँग टी-२०आई शृंखला खेल्ने छ । जुलाईमा श्रीलंका गएर तयारी क्याम्पमा सहभागी हुनेछ ।

'जुलाईमा नेपालमा वर्षाको समय भएकाले श्रीलंका गएर तयारीको प्लान गरेका हौं' क्यान सचिव पारस खड्काले भने, 'नेपालमा वर्षाले तयारीमा असर नगरोस् भनेर उक्त तयारी गरेका हौं ।' त्यस्तै अगस्टमा अस्ट्रेलियाको नर्थन टेरीटोरीमा गएर टप एन्ड टुर्नामेन्ट खेल्ने टिमहरूसँग खेल खेल्नेछ जहाँ बंगलादेश, पाकिस्तानका ए टिमसहित बिग ब्यास टिमको खेलाडीहरू पनि समावेश भएको टोलीहरू हुनेछन् ।

त्यस्तै लगत्तै सेप्टेम्बरमा पूर्ण मान्यता प्राप्त टिमसँग यूएईमा गएर टी-२०आई शृंखला पनि नेपालले खेल्ने छ । यो सबै खेलहरू अक्टोबरमा हुने आईसीसी टी-२० विश्वकप छनोटको तयारीका लागि फलदायी हुने क्यानको विश्वास छ । त्यसैगरी महिला क्रिकेट टिमले पनि नजिकिँदै गरेको आईसीसी महिला टी-२० विश्वकप एसिया छनोटअघि लागि विभिन्न शृंखलाहरू खेल्ने तय छ ।

सन् २०२५ को सुरुवातमै घरेलु मैदानमै थाइल्याण्ड र नेदरल्याण्ड्ससँग खेलेको नेपाल अहिले युगाण्डामा चारदेशीय शृंखला खेलिरहेको छ जहाँ युगाण्डा, नेपाल, नामिबिया र हङकङ सहभागी छन् । लगत्तै महिला टोलीले भुटानमा गएर पनि टी-२०आई शृंखला खेल्नेछ । त्यसका लागि भुटान क्रिकेट टिमसँग समन्वय भइसकेको छ । त्यसपछि मे महिनामा टी-२० विश्वकप एसिया छनोट हुनेछ ।

जुनमा फेरि नेपाल एसीसी इमर्जिङ टिम्स एसिया कप क्रिकेट खेल्नेछ भने सेप्टेम्बरमा मलेसियाको आयोजनामा यूएई र मलेसियासँग टी-२० शृंखला खेल्नेछ । त्यसपछि पनि लामो समय ग्याप नरहने हिसाबले अक्टोबरमा श्रीलंका भ्रमणका लागि प्रस्ताव गरिएको छ । श्रीलंकाबाट ग्रीन सिग्नल आउनेबित्तिकै नेपाली टोलीले गएर खेल्नेछ । डिसेम्बरमा फेरि नेपालको आयोजनामा पाँच देशीय क्रिकेट शृंखला हुनेछ जहाँ युगाण्डा, नामिबिया, यूएई र नेदरल्याण्ड्स नेपालमा आएर खेल्ने छन् ।

### विश्वकप लिग २

नेपालले सन् २०२५ को आफ्नो पहिलो एकदिवसीय शृंखला आउँदो जुनमा स्कटल्याण्ड गएर खेल्दै छ । आईसीसी विश्वकप लिग टु को उक्त शृंखलामा स्कटल्याण्ड, नेपाल र नेदरल्याण्ड्स खेल्ने छन् । त्यसअघि नेपाली टोलीले बेलायतमा गएर अभ्यास खेल खेल्ने तय छ । मे महिनाको १५ देखि ३० सम्म बेलायत गएर विभिन्न काउन्टी टिमहरूसँग खेल्नेछ । त्यसपछि जुनमा लिग २ को शृंखला छ ।

अक्टोबरमा टी-२० विश्वकप छनोटमा सहभागी भएपछि यूएईमा गएर अमेरिका र यूएईसँग लिग २ को अर्को शृंखला नेपालले खेल्नेछ । त्यस्तै डिसेम्बरमा ओमानसँग नेपालमै २ ओडिआई खेल्नेछ भने सोही बेला लिग २ अन्तर्गत नेपाल, ओमान र यूएईबीचको लिग २ शृंखला हुनेछ । यसरी हेर्दा नेपालको पुरूष र महिला दुवै सिनियर क्रिकेट टिमका लागि वर्ष २०२५ व्यस्त देखिन्छ । पुरूष क्रिकेट टिमको खेलहरू नियमित अन्तरालमा भइरहने भएपनि महिला क्रिकेटमा यसप्रकारको तालिका पहिलोपटक देखिएको हो ।

क्यान सचिव खड्काले पनि महिला क्रिकेट खेलाडीलाई वर्षभर खेल्न मिल्ने अवस्था सिर्जना गर्दा धेरै सहयोग पुग्ने बताउँछन् । 'महिला क्रिकेटको खेलहरु धेरै नभइरहेका बेला हामीले अब वर्षभर केही न केही प्रतियोगिताहरूको आयोजना गर्दै मुख्य प्रतियोगिताको तयारी पनि हुन्छ भनेर योजना बनाएका छौं' उनले भने ।

### घरेलु प्रतियोगिता

अन्तर्राष्ट्रिय प्रतियोगिता मात्र नभएर घरेलु क्रिकेटमा पनि क्यानले हरेक महिना कुनै न कुनै गतिविधि हुने गरी तालिका बनाएको छ । पुरूषतर्फ केही नयाँ प्रतियोगिता पनि थपिएको छ । गत जनवरीमा जय ट्रफी र फेब्रुअरीमा पीएम कप जिल्ला छनोट प्रतियोगिता भइसकेको अवस्थामा अब आइतबारदेखि पीएम कप राष्ट्रिय क्रिकेट सुरु हुँदैछ । यसपटक लुम्बिनी प्रदेशका ३ मैदानमा पीएम कप आयोजना हुँदैछ ।

अप्रिलमा नेशनल टी-२० च्याम्पियनसिप गर्ने तय छ । उक्त प्रतियोगिताले टी-२० का विभिन्न प्रतियोगिता खेल्नका लागि खेलाडी तयार गर्न मद्दत पुग्ने विश्वास क्यानको छ । त्यसबेला राष्ट्रिय टिमका खेलाडी देशबाहिर व्यस्त भएपनि अन्य राष्ट्रियस्तरका खेलाडीहरूलाई यो प्रतियोगिता फलदायी रहनेछ ।

मे महिनामा राष्ट्रिय खेलकुद हुने तय छ । त्यसको आधिकारिक मिति आएपछि राष्ट्रिय टोलीको खेलसँग जुधेमा दोस्रो रोजाइको टोली खेल्न मिल्नेबारे थाहा हुनेछ । मे र जुन महिनामा नेपाल ए को टोलीले पनि शृंखला खेल्नेछ । सेप्टेम्बरमा नेपाल ए को टोलीले भारत वा बंगलादेश गएर शृंखला खेल्नेछ । अक्टोबरमा विभिन्न प्रादेशिक प्रतियोगिताहरू हुने तय छ ।

नोभेम्बरमा नेपाल प्रिमियर लिगको दोस्रो संस्करण हुने तय छ भने यसअघि अगस्टमा मिनी अक्सन पनि हुनेछ । डिसेम्बरमा महानगरपालिका कप आयोजना गर्ने क्यानको योजना छ । महानगर पालिका कपमा ६ वटै महानगरको टिम बनाएर राष्ट्रिय खेलाडी नै समावेश हुने गरी प्रतियोगिता खेलाइनेछ । 'क्यानले नै सेलेक्टरहरू बोलाएर टिम निर्माण गर्नेछ, सम्भवत: यो टी-२० फर्म्याटमै हुनेछ' सचिव खड्काले भने ।

नेशनल टी-२० च्याम्पियनसिप र महानगरपालिका कप नयाँ प्रतियोगिता हुन् । यी प्रतियोगिताहरूबाट टी-२० मा खेलाडीहरूलाई अभ्यस्त बनाइराख्न मद्दत पुग्नेछ । महिलातर्फ पीएम कप भइसकेको छ भने मे महिनामा राष्ट्रिय खेल तथा अक्टोबरमा ५० ओभरको वुमन्स इलाइट कप हुनेछ । डिसेम्बरमा पोखरा वा भैरहवामा क्याम्प गरिनेछ । जिल्ला र प्रदेशस्तर बाट क्यालेन्डरमा उल्लेखितबाहेक अन्य प्रतियोगिताहरू आयोजना गर्ने भएमा क्यानसँगको समन्वयमा आयोजना हुनेगरी क्यालेन्डरमा समावेश गरिनेछ ।

### उमेर समूह

सन् २०२६ मा हुने आईसीसी यू-१९ क्रिकेट विश्वकपको एसिया छनोट आउँदो अप्रिलमा नेपालमै आयोजना हुँदैछ । त्यसका लागि तयारीस्वरूप क्यान युथ कप जनवरीमा भइसकेको छ । अब अप्रिलमै अफगानिस्तानको यू-१९ टोली नेपालमा आएर युथ ओडिआई शृंखला खेल्दै छ । त्यसपछि विश्वकप एसिया छनोट प्रतियोगिता हुँदैछ ।

त्यसपछि सेप्टेम्बरमा पुरूष यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता राखिएको छ भने अक्टोबरमा यू-१९ एसीसी प्रिमियर कप हुँदैछ । त्यसपछि डिसेम्बरमा एसीसी यू-१९ एसिया कप हुँदैछ । महिलातर्फ जनवरीमा भएको यू-१९ विश्वकपमा नेपाल सहभागी भएर फर्किसकेको छ भने जुलाईमा यू-१९ महिला टोलीले मलेसियामा गएर खेल्ने तय छ । सेप्टेम्बरमा सातवटै प्रदेशमा विद्यालय तहको क्रिकेट प्रतियोगिता आयोजना गरी प्रतिभाहरूको खोजी गरिनेछ । डिसेम्बरमा गर्ल्स यू-१९ स्कूल च्याम्पियसिप हुनेछ ।

### विद्यालय स्तरको प्रतियोगिता

पुरूष र महिलातर्फ उमेर समूहका विभिन्न प्रतियोगिताहरूका लागि क्यानले वार्षिक क्यालेन्डरमा विद्यालय तहदेखि नै प्रतियोगिताहरू समावेश गरेको छ । यू-१९ को टिम विकासका लागि पुरूष र महिला दुवैको यू-१६ स्कूल च्याम्पियनसिप आयोजना हुनेछ । अप्रिल र मे महिनामा जिल्ला तथा प्रदेश तहमा यू-१६ च्याम्पियनसिप हुनेछ भने सोहीबेला राष्ट्रिय च्याम्पियनसिप पनि हुनेछ । जुलाईमा एसीसी यू-१६ इस्ट जोन कप हुँदैछ जुन् प्रतियोगिता ३५ ओभरको हुनेछ । सेप्टेम्बरमा गर्ल्स यू-१६ स्कूल च्याम्पियनसिप हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# ३३ प्रतिशत सहभागीता जनयुद्ध र जनआन्दोलनको उपलब्धि: कुमारी मोक्तान




साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ अखिल नेपाल महिला संघ क्रान्तिकारी जिल्ला समन्वय समिति मकवानपुरलगायत नेकपा माओवादी केन्द्र निकट ४ वटा महिला संगठनको आयोजनामा १ सय १५ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइएको छ ।

नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य, बागमती प्रदेश सामाजिक विकास पूर्वमन्त्री एवम् प्रदेशसभा सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा शुभकामना आदानप्रदान कार्यक्रम गरिएको हो । कार्यक्रममा बोल्दै मोक्तानले हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनु २०५२ सालको जनयुद्ध र २०६२/६३ को जनआन्दोलनको उपलब्धी भएको जिकिर गरिन् । इतिहासलाई फर्केर हेर्दा महिलामाथि विभेद उत्पीडन रहेको स्मरण गर्दै उनले अहिले प्राप्त अधिकार महिलाकै त्याग र बलिदानको देन भएको धारणा राखिन् ।

नेकपा माओवादी केन्द्र मकवानपुर इन्चार्ज विजय गौतमले महिलामुक्तिविना समाजवाद सम्भव नभएको बताएका छन् । पूँजीवादीहरुले उत्सवकारुपमा मात्रै नारी दिवस मनाउने गरेको टिप्पणी गर्दै उनले समाजवादीहरुले मनाउने नारी दिवस पृथक हुनुपर्ने बताएका छन् । कार्यक्रममा माओवादी केन्द्रका नेताहरु रामनारायण विडारी, प्रल्हाद लामिछाने, सर्केश घलान, प्रमिला लामा, मानकुमारी नेपाली, लक्ष्मी माझीलगायतको आतिथ्यता थियो । अखिल नेपाल महिला संघ क्रान्तिकारी जिल्ला अध्यक्ष लक्ष्मी पाखिनको अध्यक्षतामा कार्यक्रम भएको हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
| --- | --- | --- |
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

हेटौंडा भेट्रान्स कप:

# बानेस्वर, फ्रिडम फाईटर र किङकम भेट्रान्स सेमिफाइनल प्रवेश



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ हेटौंडामा जारी दसौँ राष्ट्रिय हेटौंडा भेट्रान्स कप एट ए साइड रनिङशिल्ड फुटबल प्रतियोगिताअन्तर्गत शनिवार चार क्वाटर फाइनलखेल सम्पन्न भएका छन् ।

हेटौंडा भेट्रान्स क्लबको आयोजनामा आगामी २६ गतेसम्म चल्ने प्रतियोगितामा ४५ वर्षमाथि उमेर समूहबीच खेल भइरहेको छ । हेटौंडा-४ हुप्राचौर खेलमैदानमा जारी प्रतियोगिताअन्तर्गत शनिवारको पहिलो खेलमा बानेश्वर भेट्रान्सले एबिसि भेट्रान्स पोखरालाई ट्राईब्रेकरमा पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको छ । निर्धारित समयमा दुवै समूहबाट गोल हुन नसकेपछि खेल ट्राईब्रेकरमा पुगेको थियो । ट्राईब्रकरमा ३-२ गोल अन्तरमा बानेस्वर भेट्रान्स विजयी भएको हो ।

खेलको म्यान अफ द म्याच बानेस्वर भेट्रान्सका खेलाडी राजनलाल नेपाली घोषित भएका थिए । दोस्रो क्वाटरफाईलन खेलमा किङकम भेट्रान्स विजयी भएको छ । किङकम भेट्रान्सले बगर भाइखलक भेट्रान्सलाई ३-० गोलअन्तरमा पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको छ । खेलमा किङकम भेट्रान्सको तर्फबाट खेलको २० औ मिनेटमा सन्जय रानाले एक गोल गरेका थिए भने खेलको ४१ र ४८ औ मिनेटमा सरोज थापाले दुई गोल गर्दै समूहलाई विजयी बनाएका थिए । खेलमा म्यान अफ द म्याच थापा घोषित भएका थिए ।

तेस्रो क्वाटर फाइनल खेलमा नागस्वती भेट्रान्सलाई २-० गोलअन्तरमा पराजित गर्दै फ्रिडम फाइटर भेट्रान्स विजयी भएको छ । फ्रिडमको तर्फबाट खेलको १३ औ मिनेटमा कृष्ण मालाकारले एकगोल गरेका थिए भने ४१ औ मिनेटमा तेजबहादुर गलामीले एकगोल गर्दै समूहलाई सेमिफाइनल प्रवेश गराउन सफल भएका थिए । खेलको म्यान अफ द म्याच फ्रिडम भेट्रान्सका गलामी घोषित भएका थिए ।

चौथो क्वाटर फाइनल खेलमा बौद्ध भेट्रान्स र हेटौंडा भेट्रान्स बराबरीमा टुङ्गिएको छ । निर्धारित समयमा दुवै समूहबाट १-१ गोल भएपछि खेल ट्राईब्रेकरमा पुगेको थियो । समयअभावका कारण यी दुई समूहबीचको ट्राईब्रेकर आइतबार बिहान साढे आठ बजे हुने प्रतियोगिता संयोजक मणिराज गौतमले बताए । आइतबार दिउसो २ बजे बानेश्वर भेट्रान्स र फ्रिडम फाइटरबीच पहिलो सेमिफाइनल खेल हुनेछ भने दोस्रो सेमिफाइनल खेल किङकम भेट्रान्स काठमाडौंले हेटौडा र बौद्ध भेट्रान्सबीचको विजयी समूहसँग खेल्नेछ ।

मुख्य प्रायोजककारुपमा हेटौंडा उपमहानगरपालिका रहेको यस प्रतियोगितामा सहप्रायोजकका रुपमा हेटौंडा स्कुल अफ म्यानेजमेन्ट रहेको छ । प्रतियोगितामा पहिलो हुने समूहले एक लाख ५० हजार ५ सय ५५ र दोस्रो हुने समूहले ७५ हजार ५ सय ५५ प्राप्त गर्नेछन् । यस्तै विधागत खेलाडी, सर्वश्रेष्ठ कोच, उत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डरलाई जनही ५ हजार र म्यान अफ द सिरिज हुने खेलाडीलाई १० हजार पुरस्कार रहेको छ ।

# मकवानपुरगढीमा अन्तरक्रिया तथा छलफल



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/१ सय १५ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मकवानपुरगढी गाउँपालिकामा अन्तरक्रिया तथा छलफल भएको छ ।

'सबै महिला तथा बालबालिकाको लागि: अधिकार समानता र सशक्तीकरण' भन्ने नाराको साथ गाउँपालिकाको आयोजनामा कार्यक्रम भएको हो । गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन नेपालीको सभाध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्ताङको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा अध्यक्ष लामाले संस्कृतिको नाममा फैलिएको विकृतिलाई महिलाले छोड्न पर्ने बताउँदै त्यस्ता संस्कृतिलाई तोड्न महिला शिक्षित हुँदै अगाडि बढ्नुपर्ने कुरामा जोड दिए । महिलाले आफ्नो लडाइँ आफैं लड्नुपर्ने उनको भनाइ थियो ।

गाउँपालिका उपाध्यक्ष नेपालीले महिलाको नेतृत्वलाई अझैपनि विश्वास नरहेको बताउँदै आफ्नो लडाइँ सधै लडिरहन महिलालाई प्रेरणा दिइन् । पछिल्लो समय महिलाको पनि नेतृत्व तहमा सहभागिता बढ्दै गएको बताउँदै यो स्थानसम्म आउँदा विगतमा महिलाले लडेर पाएको अधिकार भएको उनको भनाइ थियो ।

मेलमिलापकर्ता तथा अधिवक्ता रामशरण लामिछानेले सामाजिक न्यायमा ऐक्यबद्धता शीर्षकमा प्रस्तुतीकरण दिएका थिए । गाउँपालिका वडा नं. २ का वडाअध्यक्ष बखानसिं पाखिन, ३ नम्बर वडाध्यक्ष भागवत घिमिरे, ४ नम्बर वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, कृषि पेशामा आवद्ध किसानको उपस्थिति रहेको थियो ।

# १९ जना सेल्टरदाता सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ नेकपा एमाले निकट अखिल नेपाल महिला संघ (अनेमसंघ) मकवानपुरले सेल्टरदातालाई सम्मान गरेको छ ।

१ सय १५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस तथा अनेमसंघ स्थापना दिवसको अवसरमा शनिबार आयोजित एक कार्यक्रमबीच भूमिगतकालमा नेपाली महिला आन्दोलनका समयमा विभिन्न योगदान पुऱ्याएका १९ जना सेल्टर दातालाई सम्मान गरेको हो । संघले हेटौंडा-९ निवासी दुर्गा पौडेल र सरस्वती धिमाल, हेटौंडा-४ निवासी सुभद्रा रेग्मी, र लक्ष्मी पुलामी, हेटौंडा-८ निवासी लक्ष्मी कार्की, हेटौंडा-२ निवासी सामुमाया श्रेष्ठ, हेटौंडा-७ निवासी उमा थामी, हेटौंडा-७ निवासी पुण्यवती रिमाल, हेटौंडा-१५ निवासी मालती थिङलाई सम्मान गरेको हो ।

त्यस्तै मकवानपुरको बकैया गाउँपालिका निवासी गोमा राई, लक्ष्मी घिमिरे, मकवानपुरको भीमफेदी गाउँपालिका निवासी केशरी तुलाधार, थाहा नगर पालिकाकी रामपियारी नापित, गौरी प्रधान, हेटौंडा-१८ कि सत्यदेवी सुर्खेती, हेटौंडा-५ की अनुराधा विष्ट, र हेटौंडा-१७ कि मीना रुपाखेतीलाई संघले सम्मान गरेको हो । कार्यक्रमकी प्रमुख अतिथि अनेम संघकी केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज पद्मा पौडेलले महिलालाई पुरुषसरहको हकअधिकार प्राप्ति हुनुपर्नेमा जोड दिएकी थिइन् । अझैपनि समाजमा कामको समान बाँडफाँड, समान सहभागिता, पारिश्रमिक जस्ता पक्ष न्यायोचित ढंगबाट प्रदान नभएको उनले औंल्याइन् ।

अनेमसंघ मकवानपुरकी अध्यक्ष सुमित्रा काफ्लेले अनेम संघ महिला सशक्तिकरण अभिवृद्धि गर्न, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल पार्न सधैं अग्रसर रहने बताइन् । नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर रानाले तत्कालीन समयमा महिला हकअधिकारका निम्ति भएका आन्दोलनले पाउनुपर्ने न्याय अझै नपाएको बताए । समाजले महिला सहभागितालाई केही हदसम्म समेटेको भएपनि आन्दोलनले ल्याउनुपर्ने सामाजिक, आर्थिक परिवर्तन समाजमा सन्तोषजनक नदेखिएको उनको भनाई थियो ।

कार्यक्रममा नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य एकालाल श्रेष्ठले भूमिगत अवस्थामा अनेमसंघ मकवानपुरले संगठन विस्तारमा खेलेका भूमिका अतुलनीय रहेको बताए । अनेमसंघकी केन्द्रीय सदस्य मेनुका दाहाल, नेकपा एमाले बागमती प्रदेश सचिवालय सदस्य रघुनाथ खुलाल, प्रदेश सदस्य रामचन्द्र राई, नेकपा एमाले बागमती प्रदेश सदस्य बद्री लम्साल, अनेमसंघ बामती प्रदेश सदस्य सीता विष्ट, एमाले मकवानपुरकी उपसचिव आरती पाठक, नेकपा एमाले जिल्ला कमिटी सदस्य रमिला सापकोटा लगायतको उपस्थिति रहेको थियो ।

# जबरजस्ती करणी आरोपमा हेटौंडाबाट ७ जना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ जबरजस्ती करणी आरोपमा मकवानपुर प्रहरीले हेटौंडाबाट सातजना किशोरलाई पक्राउ गरेको छ ।

घटनामा संलग्न रहेको भन्दै पक्राउ परेका आरोपितहरु १८ वर्षभन्दा मुनीका किशोर भएकाले प्रहरीले उनीहरुको पहिचान भने गोप्य राखेको जनाएको छ । घटनामा पीडित युवतीले प्रहरी कार्यालयमा जाहेरी दिएपछि घटना बाहिर आएको हो । पीडित युवतीले घटनाको बारेमा फागुन २१ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएको प्रहरीप्रवक्ता श्यामु अर्यालले जानकारी दिए ।

पीडितको जाहेरीको आधारमा अनुसन्धान गर्ने क्रममा फागुन २२ गते पाँच जना र २३ गते दुई जना गरी सात जना नियन्त्रणमा लिएको अर्यालले बताए । हेटौंडा उपमहानगरपालिका-२ स्थित वनस्खण्डी मन्दिरको माथि जंगलमा जबर्जस्ती करणीको घटना भएको प्रवक्ता अर्यालको भनाइ छ । आरोपित किशोरलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट जबरजस्ती करणी कसुर मुद्दामा पाँच दिनको म्याद अनुमति लिई अनुसन्धान थालिएको उनको जानकारी दिए ।

# घिमिरे बन्धु प्रतिष्ठानमा एसपी

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ घिमिरे बन्धु प्रतिष्ठान मकवानपुरको अध्यक्षमा एसपी (शंकर) घिमिरे चयन भएका छन् । शनिबार हेटौंडामा सम्पन्न आठौं जिल्ला भेला तथा चौथो अधिवेशनले घिमिरेको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति चयन गरिएको हो ।

अधिवेशनबाट उपाध्यक्षमा ज्ञानप्रसाद घिमिरे, सचिव यदुकुमार घिमिरे र कोषाध्यक्षमा भवनाथ घिमिरे चुनिएका छन् । प्रतिष्ठानले ज्येष्ठसदस्य धर्मदत्त घिमिरेलाई सम्मानित गरेको थियो । प्रतिष्ठानका केन्द्रीय सचिव अजय घिमिरेको आतिथ्यमा अधिवेशन भएको हो । नवनिर्वाचित अध्यक्ष एसपीले प्रतिष्ठानलाई नयाँ ढंगले आगाडि बढाउने बताएका छन् । उनले घिमिरे बन्धुलाई एकजुट बनाएर छुटेकालाई समेट्दै अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

**सटर भाडामा**

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४९०१०३३६**

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
हेटौंडा, मकवानपुर

## प्रस्ताव आह्वानको सूचना

**सूचना नं. ३/०८१/८२**
**प्रथम पटक प्रकाशित मिति २०८१/११/२५**

यस पशु सेवा कार्यालय, हेटौंडा, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत देहाय अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छूक एवं मापदण्ड पुरा गरेका आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले तपसिलमा उल्लेखित मिति भित्र आवश्यक कागजात सहित कार्यालय समयभित्र यस कार्यालयमा आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना दोस्रो पटक प्रकाशन गरिएको छ । साथै म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश नगराइने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | कुल बिनियोजित बजेट (रु. लाख) | अधिकतम प्रोत्साहन रकम (रु. लाख) | आवेदक | कार्यविधि | आवेदन दिने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पशु आहारा आत्मनिर्भर कार्यक्रम | | | | | | | | |
| | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि | | | | | | | | |
| | परालको उपचार, हे, साइलेज, हेलेज TMR, UMMB खरिद | | | | ५० प्रतिशत | कृषक समुह, सहकारी, निजी फार्म | | | |
| | क्षेत्रफलमा आधारित घाँसे बाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम | पटक | ४ | १४.०० | हिउँदे घाँसको लागि प्रति हे. २० हजार र बहुवर्षिय घाँसको लागि प्रति हे रु ४० हजार | कृषक समुह, सहकारी, निजी फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१/१२/०३ | |
| | मकै खेतीमा प्रोत्साहन कार्यक्रम | | | | प्रति हे. रु. ३० हजार | कृषक समुह, सहकारी, निजी फार्म | | | |
| | घाँसको स्रोत केन्द्र स्थापना | | | | ३ लाख वा ५० प्रतिशत | निजि फार्म | | | घाँस खेतीको लागि न्यूनतम १ हे. जग्गा हुनुपर्ने |
| २ | बंगुर प्रवर्द्धन कार्यक्रम | संख्या | १ | २.५० | २.५० | कृषक समुह/निजि फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१/१२/०३ | |
| ३ | पशुपन्छी ताथा मत्स्य पालनका लागि यान्त्र वितरण कार्यक्रम | पटक | १ | ५.०० | ५.०० | कृषक समुह/निजी फर्म/कृषि सहकारी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ | मिति २०८१/१२/०३ | |
| ४ | दूध उत्पादन वृद्धि (दुग्ध जोन) कार्यक्रम | पटक | १ | २७.५० | ०.७५ | दुध जोन भित्रका निजी फार्महरु | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१/१२/०३ | |
| ५ | लक्षितवर्ग खरायोपालन प्रवर्द्धन कार्यक्रम (शतप्रतिशत पोत्साहन सहयोग कार्यक्रम) | पटक | १ | ७.५० | ७.५० | लक्षित वर्गका समुह वा सहकारी | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१/१२/०३ | मासु वा उन वा दुवैको उत्पादन तथा बजारीकरण |

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
२. अनुसूचि-२ बमोजिमको रु. १० को हुलाक टिकट सहितको निवेदन
३. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि र पान नम्बर
४. गत आ.व. (२०८०/०८१) को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.व.को साधारण सभाको बैठक निर्णय प्रतिलिपि
६. क्रियाशील पशु बिमालेखको प्रतिलिपि (कार्यविधिमा उल्लेख भएमा अनिवार्य),
६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्रको प्रतिलिपि
७. कार्यक्रममा सहभागि गराईदिने सम्बन्धी सम्बन्धित स्थानीय तह (वडा र पालिकाको पशु सेवा शाखा) को पशुपन्छीको संख्या खुलाएको सिफारिस
८. अनुसूचि-४ बमोजिमको कार्ययोजना, अनुसूचि-५ बमोजिमको स्वघोषणा पत्र,
९. अनुसूचि- ६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा
१०. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र
११. कार्यक्रममा सहभागिता सम्बन्धी कृषक समूह/सहकारीको बैठकको निर्णय प्रतिलिपि (सहकारी/समूहको हकमा)
१२. सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम अन्य कागजात ।

**१. पशु आहारा आत्मनिर्भर कार्यक्रम**

क. पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि: कम्तिमा ५ वटा दुहुना गाई/भैंसी पालेको हुनुपर्ने, परालको उपचार, हे साइलेज हेलेज उत्पादन गर्न सकिने

**दुध उत्पादन वृद्धि (दुध जोन) कार्यक्रम**

१. दैनिक १० लिटर वा सो भन्दा माथि दुध उत्पादन गरेको हुनुपर्ने
२. साझेदार संस्थाले पशुहरुको अनिवार्य विमा गरेको हुनुपर्ने

**पुनश्च:** कार्यक्रमको लागत साझेदारी सम्बन्धि व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । सम्बन्धित कार्यविधिहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेभसाइट molmac.bagamati.gov.np मा गई हेर्न वा डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यकलयको सम्पर्क नम्बर ०५७-४१२८२८, ०५७-४१२५७१, ९८५५०२७७२९ मा कार्यालय समय भित्र गर्न सकिने छ । साथै उल्लेखित कार्यविधिहरुमा कुनै संशोधन भएमा संशोधित कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना